सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

# एसइई परीक्षा सम्बन्धी जारी अपिल

२०८२ सालको नियमित तथा ग्रेड वृद्धि तर्फको एसइई परिक्षा आज मिति २०८२/१२/१९ देखि २९ गतेसम्म सञ्चालन हुँदैछ । यस सुनिलस्मृति गाउँपालिका अन्तर्गत ३ केन्द्रहरू निर्धारण भएकोमा जम्मा सहभागी १२ विद्यालयका जम्मा ४९३ जना परीक्षार्थी सम्मिलित रहेका छन् । परीक्षालाई मर्यादित, अनुशासित, भयरहीत तथा शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्न शिक्षा विकास तथा समन्वय इकाई रोल्पा तथा सुरक्षा निकायहरुलाई हार्दिक अनुरोध गर्दछु भने गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा, तीन वटै केन्द्रमा खटिएका केन्द्राध्यक्ष लगायत सबैलाई निर्देशन गर्दछु । यस वर्ष एसइई परीक्षामा सम्मिलित हुने सम्पूर्ण विद्यार्थी भाइ बहिनीहरुलाई बिना कुनै डर, त्रास, उच्च आत्मबलका साथ परीक्षामा सहभागी हुन हार्दिक अनुरोधका साथ सफलताको शुभकामना व्यक्त गर्दछु । परीक्षाको स्वच्छता, अनुशासन र मर्यादा कायम राख्दै सबै परीक्षार्थीहरुलाई शान्तिपूर्ण र भयरहीत बातावरणको सुनिश्चिता गर्नका लागि सम्पूर्ण अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षकका पेशागत संघ सङ्गठन, शिक्षक, विद्यार्थी, पत्रकार, नागरिक समाज लगायत सम्पूर्ण सरोकारवालाहरु समक्ष हार्दिक अपिल गर्दछु ।

१९ चैत्र २०८२

(मणिराम बुढाथोकी)
अध्यक्ष

मणिराम बुढाथोकी
अध्यक्ष


फोन:०८६-४०११५२, ४०११७० इमेल:ssrm@sunilsmritimun.gov.npवेबसाइट:sunilsmritimun.gov.np